नेपाल सरकार
# उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

प.सं. २०७६/०७७
च.नं. ८०५

मितिः २०७६/०५/३१

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाण्डौं ।
श्री जल तथा मौसम विज्ञान विभाग, नक्साल, काठमाण्डौं ।
श्री जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोक, ललितपुर ।
श्री नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौं ।
श्री भूमिगत जलस्रोत विकास समिति, बबरमहल, काठमाण्डौं ।

विषयः परिपत्र ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.सं. संविधान/०७६/७७, च.नं. २०९, मिति २०७६/०५/२९ को निर्णय सम्बन्धी पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई उक्त पत्रमा उल्लेख भए बमोजिम कार्यान्वयन गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(राज बहादुर विष्ट)
शाखा अधिकृत

Website: www. moewri.gov.np Email:info@moir.gov.np
फोन नं. ९७७-१-२११५११/४२००११९/४२०००३७/४२११४२६/४२११५२३/४२००१२२/४२११५०६/४२११५२५
फ्याक्स :९७७-१-४२०००२६/४२११५०५

# तपशील

१. सबै मन्त्रालय/आयोग/सचिवालय/विभाग/कार्यालय वा निकायहरुले आ-आफ्नो जिम्मेवारी, घोषित कार्यक्रम, कार्ययोजना र बैठकका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गरी संविधान दिवस (राष्ट्रिय दिवस) लाई भव्य र व्यापक रुपमा मनाउन सक्रियतापूर्वक क्रियाशिल रहने।

२. काठमाण्डौं महानगरपालिकाले सैनिक मञ्च, टुँडिखेलको दक्षिण खुला परिसरमा कर्मचारी, प्रभातफेरीसहित कार्यक्रमस्थलमा आउने स्थानीय तहका वडा सदस्यहरु लगायतका सर्वसाधारण नागरिकहरुको लागि ५,००० कुर्चीको व्यवस्था गरेको बुझिएको हुँदा थप ५,००० कुर्ची सहित कूल १०,००० कुर्चीको व्यवस्था गरी बस्नकालागि सुविधाजनक प्रबन्ध मिलाउने, ६ जोर शान्तिको प्रतीक परेवाहरुको व्यवस्था, आवश्यकता वमोजिम फूलको गुच्छाहरुको व्यवस्था गर्ने ।

३. काठमाण्डौं महानगरपालिकाको समन्वयमा का.म.न.पा. र KUKL ले उपस्थित सबै सहभागीहरुको लागि स्वच्छ पिउने पानीको व्यवस्था गर्ने ।

४. काठमाण्डौं महानगरपालिका, नेपाली सेना र नेपाल प्रहरीले कम्तीमा ८ बटा घुम्ती शौचालयहरुको व्यवस्था मिलाउने ।

५. कार्यक्रमस्थल प्रवेश एवं ट्राफिक व्यवस्थापनमा समेत सहजता प्रदान गर्ने ध्येयले सैनिक मञ्च, टुँडिखेलको दक्षिण-पूर्व (भद्रकालीनिर/राष्ट्रियसभा गृहनिर) र सुन्धारा एव NAC निर गरी ४ बटा 'कार्यक्रमस्थल प्रवेशद्वार' को व्यवस्था नेपाली सेनाले मिलाउने ।

६. कार्यक्रममा उपस्थित हुन जाने कर्मचारीहरु ठाँउठाँउमा भेला भई प्रभातफेरीकासाथ प्रस्थान गर्ने हुँदा सिंहदरबार परिसर भित्र रहेका मन्त्रालय एवं अन्य निकायहरुका सवारी साधन आ-आफ्नै अड्डाहरुमा पार्किङ्ग गरी सिंहदरबारबाट पैदल कार्यक्रम स्थल तिर प्रस्थान गरी ट्राफिक व्यवस्थापनमा सघाउ पुऱ्याउने ।

७. सिंहदरबार भित्र कार्यरत सबै कर्मचारीहरु नेपाल टेलिभिजनदेखि महान्यायाधिवक्ताको कार्यालय अगाडिसम्मको खुला स्थानमा तोकिएबमोजिम पंक्तिवद्द रुपमा उपस्थित भई ७:४५ बजे सिंहदरबार पश्चिम मूल गेट हुँदै भद्रकाली वा राष्ट्रिय सभागृहनिरको द्वारबाट टुँडिखेल प्रवेश गरी तोकिएको स्थानमा बस्ने ।

८. संविधान दिवस (राष्ट्रिय दिवस)का अवसरमा सेवाग्राहीहरुलाई सहुलियत/विशेष छुट दिने व्यवस्थाको जानकारी तत्तत् निकायहरुले छापा तथा विद्युतीय सञ्चार माध्यमबाट व्यापक रुपमा प्रचार-प्रसार गर्ने ।

९. कार्यक्रम स्थलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्राथमिक उपचार सहितको चिकित्सक टोली एवं एम्बुलेन्सको व्यवस्था गर्ने ।

१०. रेडियो नेपालले राष्ट्रिय भावना झल्कने एउटा साङ्गितिक (गीत/नृत्य) प्रस्तुतीकरणको तयारी गर्ने ।

११. असोज ३ गतेको कार्यक्रम रेडियो नेपाल, नेपाल टेलिभिजन लगायतका विद्युतीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण हुने हुँदा सकभर नेपाल राज्यभर र कम्तीमा पनि कार्यक्रम स्थलमा नियमित विद्युत आपूर्ति हुने व्यवस्थाको सुनिश्चितताको लागि नेपाल विद्युत प्राधिकरणलाई उर्जा मन्त्रालयबाट निर्देशन दिने र गृह मन्त्रालयबाट समेत पत्राचार गर्ने ।

१२. नेपाली सेनाको समन्वयमा नेपाल प्रहरी र नेपाल स्काउटबाट व्यापक रुपमा स्वयंसेवकहरु परिचालन गर्ने र सो को नेतृत्व तथा समन्वय नेपाली सेनाले गर्ने ।

१३. कार्यक्रममा सहभागीहरुको साथमा रहेका राष्ट्रिय झण्डाहरु स्वेच्छाले आफै व्यवस्थापन गर्छु भनेमा व्यक्ति स्वयलाई लिन-लैजान दिने र अन्यथा सबै झण्डाहरु संकलन गर्न नेपाल प्रहरीको नेतृत्वमा 'झण्डा संकलन स्वयंसेवक' हरु खटाउने र संकलित झण्डाहरु कार्यक्रम स्थलमा मर्यादापूर्वक राख्न ८-१० वटा संकलन केन्द्र तथा ठुला बक्सहरुको व्यवस्था नेपाल प्रहरीले मिलाउने ।

१४. स्थानीय तहहरुबाट आउने विभिन्न झाँकीहरुलाई तीनवटा जिल्ला छुट्याई तीनटोली को रुपमा आ-आफ्नो जिल्लाको एक ठाँउमा रहने गरी राख्ने व्यवस्थाको समन्वय स्वयंसेवकहरुको सहयोगमा काठमाण्डौं महानगरपालिकाले गर्ने ।

१५. माइक लगायत कार्यक्रम स्थलको समग्र साउन्ड सिस्टमको गुणस्तरीय व्यवस्था आवश्यकता बमोजिम नेपाली सेना र नेपाल प्रहरीको सहयोगमा काठमाण्डौं महानगरपालिकाले मिलाउने।

१६. प्यारापिटमा रहने आमन्त्रित अतिथिहरु (स्थानीय तहको हकमा वडा अध्यक्षहरु र सो भन्दा माथिको पदाधिकारीमात्र) लाई निमन्त्रणा कार्ड उपलब्ध गराउने र सिट प्लानिङ्गको व्यवस्था आवश्यकता बमोजिम साविक बमोजिमनै काठमाण्डौं महानगरपालिका र नेपाली सेनाको सहयोगमा गृह मन्त्रालयले मिलाउने । कार्ड प्राप्त भएका अतिथीहरु प्यारापिटमा बस्ने र अन्य आमन्त्रित तथा सहभागीहरु मञ्चको दक्षिण खुल्ला स्थानमा तोकिए बमोजिम बस्ने व्यवस्था मिलाउने ।

१७. VVIP/VIP र आमन्त्रित सबै अतिथिहरुको सवारी साधन पार्किङ्गकोलागि सैनिक मञ्चको पछाडि, कर्मचारी एवं सर्वसाधारणहरु सहभागी रहने कार्यक्रमस्थलदेखि दक्षिणको खुला ठाउँ, राष्ट्रिय सभागृह परिसर, पुलिस क्लब लगायतका स्थलहरुको सम्भाव्यता पहिचान गरी सवारी साधन पार्किङ्ग लगायत ट्राफिक व्यवस्थापनको काम नेपाली सेना, नगर प्रहरी लगायतको समन्वयमा नेपाल प्रहरीको ट्राफिक व्यवस्थापन महाशाखाले मिलाउने ।

१८. कार्यक्रमको सिलसिलामा तत्काल आवश्यक पर्ने कामका निम्ति सबै निकायहरु सजग र तत्पर रही समन्वयत्मक रुपमा कार्यसम्पादन गर्ने ।

१९ VVIP/VIP/आमन्त्रित अतिथिहरु र कार्यक्रम स्थलको त्रुटिरहित सुरक्षाको व्यवस्था प्रति सबै सुरक्षा निकायहरु सचेष्ट रहने ।

२०. संविधान दिवस (राष्ट्रिय दिवस) २०७६ को कार्यक्रम सकिएपछि मूल समारोह समितिको सचिवालयको आयोजनामा समीक्षात्मक बैठक बस्ने ।